
# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण





## २०७२ असोज

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।

# भूमिका

मुलुकको केन्द्रीय बैंकको रूपमा रहेको नेपाल राष्ट्र बैंकले आफ्ना काम कारवाहीहरु सार्वजनिक जानकारीका लागि प्रकाशन गर्नु आवश्यक हुन्छ । यसका लागि विगत समयदेखि नै बैंकले नियमित रुपमा विभिन्न सामग्री प्रकाशन गरिरहेको छ । यसका साथै बैंकको वेब साइट www.nrb.org.np समेत सञ्चालनमा रहेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका काम कारवाहीलाई खुला र पारदर्शी बनाउनु पर्ने हुन्छ । यस ऐनले सार्वजनिक निकायलाई विभिन्न विषयवस्तु समेटेर विवरणहरु प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । यस ऐन बमोजिमका विषयवस्तु समेटी यो पुस्तिका प्रकाशन गरिएको छ ।

यस पुस्तिका प्रकाशन गर्न सहयोग पुर्‍याउनु हुने सम्बन्धित विभागका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

कार्यकारी निर्देशक<br>
तथा<br>
प्रवक्ता एवम् सूचना अधिकारी

मितिः २०७२ भदौ

# विषय सूची


| विवरण | | पेज नं. |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक | १ |
| २. | संगठनात्मक स्वरूप | २ |
| ३. | नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरूप र कर्मचारी संख्या | २ |
| ४. | कार्य क्षेत्र | ३ |
| ५. | नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा | ४ |
| ६. | विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर | ४ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ५ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ५ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ५ |
| १०. | सम्पादन गरेको कामको विवरण | ५ |
| ११. | सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर | ७ |
| १२. | ऐन नियम र निर्देशिकाको सूची | ७ |
| १३. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण | ९ |
| १४. | अन्य विवरण | १० |

## १. नेपाल राष्ट्र बैंक

(क) परिचय

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार मुलुकको केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । नेपाली मुद्राको निष्कासन, बैंकिङ क्षेत्रको नियमन, निरीक्षण, सुपरिवेक्षण र अनुगमन, मूल्य स्थिरता, शोधनान्तर स्थिरता, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान तथा अन्वेषण, बैंकिङ तथा भुक्तानी प्रणालीको विकासका क्षेत्रमा नेपाल राष्ट्र बैंकले कार्य गर्दछ । नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकार पनि हो ।

(ख) दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रुपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

(ग) लक्ष्य

मौद्रिक, विदेशी विनिमय र वित्तीय क्षेत्रसम्बन्धी सबल (sound) र प्रभावकारी नीतिका माध्यमबाट समग्र आर्थिक स्थिरता हासिल गर्ने ।

(घ) उद्देश्य

नेपाल राष्ट्र बैंक, २०५८ मा नेपाल राष्ट्र बैंकका देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएको छ ।

(क) अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

(ख) बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व र आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,

(घ) बैंकिङ तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने, र


(ङ) नेपालको समग्र बैंकिङ तथा वित्तीय प्रणालीको सम्वर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने ।

उपरोक्त उद्देश्यमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

## २. संगठनात्मक स्वरुप

नेपाल राष्ट्र बैंकको संगठन तालिका यस प्रकार रहेको छ :

**नेपाल राष्ट्र बैंक**
**संगठनात्मक संरचना**




## ३. नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या:

**२०७२ सालको लागि स्वीकृत दरवन्दी विवरण**

| सि.न. | विभाग/महाशाखा/इकाई/कार्यालय | अधिकृत विशिष्ट | अधिकृत प्रथम | अधिकृत द्वितीय | अधिकृत तृतीय | सहायक प्रथम | सहायक द्वितीय | सहायक तृतीय | कार्यालय सहयोगी प्रथम | कार्यालय सहयोगी द्वितीय | कार्यालय सहयोगी तृतीय | कार्यालय सहयोगी चतुर्थ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गभर्नरको कार्यालय | १ | २ | ४ | १३ | १ | २ | २ | २ | २ | | ३ | ३२ |
| २ | जनशक्ति व्यवस्थापन विभाग | १ | २ | ५ | १४ | ४ | २ | १ | ३ | | | १ | ३३ |
| ३ | अतिरिक्त दरवन्दी | | ७ | ३४ | १५ | ६ | १५ | १० | | | | | ८७ |
| ४ | संस्थागत योजना विभाग | १ | १ | ४ | ९ | ० | ० | १ | १ | | | १ | १८ |
| ५ | सामान्य सेवा विभाग | १ | २ | ८ | १६ | १६ | १२ | १४ | ७ | १ | २ | ७ | ८६ |
| ६ | वित्त व्यवस्थापन विभाग | १ | २ | ७ | १९ | ४ | २ | २ | १ | १ | | २ | ४१ |
| ७ | अनुसन्धान विभाग | १ | ५ | १२ | ४६ | १ | ३ | १ | २ | २ | | ३ | ७६ |
| ८ | विदेशी विनिमय व्यवस्थापन विभाग | १ | २ | ८ | ३२ | ० | १ | १ | २ | २ | | १ | ५० |
| ९ | कानून महाशाखा | | १ | ३ | ११ | ० | ० | १ | | १ | | | १७ |
| १० | वित्तीय जानकारी इकाई | | १ | ४ | १७ | ० | १ | १ | १ | | | १ | २६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | आन्तरिक लेखापरीक्षण विभाग | १ | १ | ५ | १४ | १ | १ | ० | १ | | | १ | २५ |
| १२ | बैंक सुपरिवेक्षण विभाग | १ | ३ | १८ | ३८ | १ | १ | ० | | १ | | १ | ६४ |
| १३ | बैंक तथा वित्तीय संस्था नियमन विभाग | १ | ३ | १२ | २५ | ० | १ | १ | १ | | १ | १ | ४६ |
| १४ | लघु वित्त प्र.तथा सुपरिवेक्षण विभाग | १ | २ | ६ | ३१ | ० | १ | ० | १ | १ | | १ | ४४ |
| १५ | बैंकर्स प्रशिक्षण केन्द्र | | १ | ४ | ८ | ० | २ | ० | १ | १ | | | १७ |
| १६ | राष्ट्र ऋण व्यवस्थापन विभाग | १ | १ | ४ | १७ | ० | १ | २ | १ | १ | | १ | २९ |
| १७ | सूचना प्रविधि विभाग | | १ | १२ | ८ | ० | ८ | ० | १ | १ | | | ३१ |
| १८ | वित्त कम्पनी सुपरिवेक्षण विभाग | १ | २ | ६ | १६ | ० | १ | ० | | | १ | १ | २८ |
| १९ | विकास बैंक सुपरिवेक्षण विभाग | १ | ३ | १६ | ३४ | ० | १ | १ | १ | | | २ | ५९ |
| २० | बैंकिङ्ग कार्यालय | १ | ३ | ८ | ७१ | १६ | १९ | २३ | ९ | ४ | १ | २ | १५७ |
| २१ | मुद्रा व्यवस्थापन विभाग | १ | २ | ५ | ३६ | १२ | १५ | १८ | ६ | ४ | १ | ८ | १०८ |
| २२ | समस्याग्रस्त संस्था रिजोल्युसन महाशाखा | | १ | २ | ५ | ० | १ | ० | | | | १ | १० |
| २३ | भुक्तानी तथा फछ्र्यौट विभाग | १ | २ | ४ | ८ | | १ | | ० | | | | १६ |
| २४ | विराटनगर कार्यालय | | १ | ३ | २७ | ४ | २३ | १० | ३ | | १ | ५ | ७७ |
| २५ | जनकपुर कार्यालय | | १ | ३ | १० | ५ | २१ | ५ | ५ | २ | | ३ | ५५ |
| २६ | वीरगञ्ज कार्यालय | | १ | ३ | १७ | ३ | २३ | ४ | २ | १ | १ | ४ | ५९ |
| २७ | पोखरा कार्यालय | | १ | ३ | २३ | १ | १९ | ७ | ६ | १ | | ३ | ६४ |
| २८ | सिद्धार्थनगर कार्यालय | | १ | ३ | १७ | १ | १४ | ११ | ३ | २ | | ३ | ५५ |
| २९ | नेपालगञ्ज कार्यालय | | १ | ३ | १७ | २ | २६ | ७ | २ | २ | | २ | ६२ |
| ३० | धनगढी कार्यालय | | १ | ३ | १२ | १ | १८ | ५ | | १ | | ४ | ४५ |
| **जम्मा** | | **१७** | **५७** | **२१२** | **६२६** | **७९** | **२३५** | **१२८** | **६२** | **३१** | **८** | **६२** | **१५१७** |

## ४. कार्य क्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा नेपाल राष्ट्र बैंकका देहाय बमोजिमका कार्यहरु निर्धारण गरिएको छ :

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

(ञ) यस ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नु पर्ने अन्य आवश्यक कार्यहरु कार्यान्वयन गर्ने, गराउने ।

## ५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्र अन्तर्गतका कार्यहरु

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिंग सेवा प्रदान गर्ने

(ग) सर्वसाधारणलाई नेपाली रुपैया सटही सुविधा उपलव्ध गराउने ।

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलव्ध गराउने ।

(ङ) बैंकको दैनिक प्रशासन सम्बन्धी कार्यहरु ।

## ६. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर

| सि.नं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा/ कार्यालय | टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | कार्यकारी निर्देशक श्री मनमोहन कुमार श्रेष्ठ | आन्तरिक लेखापरीक्षण विभाग | ४४३३३६५ |
| २. | कार्यकारी निर्देशक श्री प्रदीपराज पाण्डे | वित्त व्यवस्थापन विभाग | ४४११६२२ |
| ३. | कार्यकारी निर्देशक श्री हरिप्रसाद काफ्ले | विकास बैंक सुपरिवेक्षण विभाग | ४४१२३०७ |
| ४. | कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी | गभर्नरको कार्यालय | ४४१९८०४ एक्स. ३२० |
| ५. | कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ | राष्ट्र ऋण व्यवस्थापन विभाग | ४१०१७४२ |
| ६. | कार्यकारी निर्देशक श्री महेश भट्टराई | भुक्तानी तथा फछ्र्यौट विभाग | ४४१९८०४ एक्स. १७७ |
| ७. | कार्यकारी निर्देशक श्री शिबराज श्रेष्ठ | जनशक्ति व्यवस्थापन विभाग | ४४१४०१४ |
| ८. | कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेल | बैंक सुपरिवेक्षण विभाग | ४४१७४९७ |
| ९. | कार्यकारी निर्देशक श्री नरबहादुर थापा | अनुसन्धान विभाग | ४४११६३८ |
| १०. | कार्यकारी निर्देशक डा. विनोद आत्रेय | लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | ४४१२८२३ |
| ११. | कार्यकारी निर्देशक श्री जनकबहादुर अधिकारी | वित्त कम्पनी सुपरिवेक्षण विभाग | ४४१४९९६ |
| १२. | कार्यकारी निर्देशक श्री भीष्मराज ढुंगाना | विदेशी विनिमय व्यवस्थापन विभाग | ४४१२२०४ |
| १३. | कार्यकारी निर्देशक श्री लक्ष्मीप्रपन्न निरौला | सामान्य सेवा विभाग विभाग | ४४११८३४ |
| १४. | कार्यकारी निर्देशक श्री चिन्तामणि सिवाकोटी | मुद्रा व्यवस्थापन विभाग | ४२२७२८३ |
| १५. | कार्यकारी निर्देशक श्री शंकरप्रसाद आचार्य | संस्थागत योजना विभाग | ४४४१०४३ |
| १६. | कार्यकारी निर्देशक श्री राजन विक्रम शाह | बैंकिङ कार्यालय | ४२२६८३२ |
| १७. | निर्देशक श्री ऋषिकेश भट्ट | वित्तीय जानकारी इकाई | ४४१९८०४ एक्स. १२१ |
| १८. | निर्देशक रेवतीप्रसाद नेपाल | समस्याग्रस्त संस्था रिजो. महाशाखा | ४४१५२९५ |
| १९. | का.मु. निर्देशक श्री शिवराम दवाडी | सूचना प्रविधि विभाग | ४४१३५८४ |
| २०. | का.मु. निर्देशक श्री रामहरि न्यौपाने | कानून महाशाखा | ४४१९८०४ एक्स. ११० |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर : सामान्यतयाः यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्न लागि टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिए बमोजिमको शुल्क बुझाउनु पर्ने हुन्छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधि : नेपाल राष्ट्र बैंकबाट जारी निर्देशिका, सूचना र बडापत्रमा उल्लेख भए बमोजिमको अवधि ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०३५ बमोजिम निर्णय हुने गर्दछ । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीति लगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरुका सम्बन्धमा वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ ।

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई सो समितिको निर्णय अनुसार अख्तियारी अनुसार गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९. निर्णयउपर उजुरी सुन्ने अधिकारी

निर्णय गर्ने अधिकारीभन्दा एक तहमाथिको अधिकारी वा निकाय ।

## १०. सम्पादन गरेको कामको विवरण

(क) मौद्रिक नीति अन्तर्गतका कार्यहरुको प्रगति विवरण (आर्थिक वर्ष २०७१/७२)

| क्र.सं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७१/७२ मा वार्षिक औसत मुद्रास्फीति दरलाई ८ प्रतिशतमा कायम राख्ने । | वार्षिक औसत मुद्रास्फीति दर ७.२ प्रतिशत रहेको । |
| २ | कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्नसक्ने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | विदेशी विनिमय सञ्चितिले करिब ११.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको । |
| ३ | ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन आवश्यक मौद्रिक तरलताको व्यवस्था गर्ने । | आन्तरिक कर्जा १५.६ प्रतिशतले वृद्धि भएको । |
| ४ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १६.० प्रतिशतको हाराहारीमा कायम राख्ने । | वैदेशिक सम्पत्तिको विस्तार उच्च रहेकाले विस्तृत मुद्राप्रदायको वृद्धिदर १९.९ प्रतिशत कायम रहेको । |
| ५ | निजी क्षेत्रतर्फको कर्जा १८ प्रतिशतले बढ्ने । | निजी क्षेत्रतर्फको कर्जा प्रवाह १९.४ प्रतिशतले बढेको । |

(ख) आर्थिक वर्ष २०७१/७२ मा सम्पन्न प्रमुख कार्यहरु :

१. **मौद्रिक व्यवस्थापन** : मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयनका लागि लक्ष्य तथा उपलब्धिहरुको आवधिक समीक्षा गरी तरलता व्यवस्थापनको कार्यलाई आर्थिक वर्ष २०७१/७२ मा पनि निरन्तरता दिइएको छ । जस अनुसार तरलता व्यवस्थापन अन्तर्गत गत आर्थिक वर्षमा निक्षेप बोलकबोल मार्फत रु. १५५ अर्ब, रिभर्स रिपोमार्फत रु. ३१५ अर्ब ८० करोड तथा सोफै बिक्री बोल-कबोलमार्फत् रु. ६ अर्बको तरलता प्रशोचन गरिएको छ । यसरी नै विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब ३ करोड खुद खरिद गरी रु. ३९६ अर्ब ७२ करोड बराबरको खुद तरलता प्रवाह गरिएको छ ।

२. **विदेशी विनिमय व्यवस्थापन** : नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइनाबिच द्विपक्षीय हिसाब मिलान र सहयोग सम्बन्धी पूरक सम्झौतामा हस्ताक्षर भएको छ । यसैगरी, एसियु अन्तर्गत हुने व्यापारिक कारोबारमा संलग्न हुने वाणिज्य बैंकहरुले अर्को सदस्य देशको वाणिज्य बैंकमा एसियन मौद्रिक एकाइका रुपमा रहेका मुद्राहरु ( अमेरिकी डलर र युरो) मा नोष्ट्रो खाता खोल्नुपर्ने र सदस्य देशहरुबिच हुने व्यापारिक कारोबारको भुक्तानी तथा राफसाफ वाणिज्य बैंक स्तरमा रहेका उक्त खाताहरु मार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ । ५०० र १००० दरका भारतीय नोट नेपाली र भारतीय नागरिकले भा.रु. २५,०००।- सम्म नेपालभित्र ल्याउन तथा नेपालबाहिर लैजान पाउने नीतिगत व्यवस्था गरिएको छ । विदेशी विनिमय सञ्चितिको लगानीलाई विविधीकरण गरिएको छ । २०७२ साल असार मसान्तमा विदेशी विनिमय सञ्चिति रुं ७०२ अर्ब ८८ करोड रहेको छ ।

३. **बैंक तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन** : बैंक तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी कार्य निरन्तर भएका छन् । इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७२ असार मसान्तमा १९३ रहेको छ । जसमा वाणिज्य बैंकहरुको संख्या ३० रहेको छ भने विकास बैंक, वित्त कम्पनी र लघुवित्त विकास बैंकहरुको संख्या क्रमशः ७६, ४८ र ३९ रहेको छ । बैंक तथा वित्तीय संस्थाका ३८३८ शाखा सञ्जाल पुगेको छ । यस बैंकले लिएको मर्जर तथा एक्विजिसनको नीति अनुसार ७८ वटा बैंक तथा वित्तीय संस्था मर्ज भई ३० वटा संस्था बनेका छन् । २०७२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको समग्र निष्क्रिय कर्जाको अनुपात ३.३३ प्रतिशत रहेको छ । उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह गरी मुलुकमा उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले सो क्षेत्रको पुनर्कर्जा दर तथा निर्यात पुनर्कर्जा दर घटाई लागु गरिएको छ ।

मुलुकमा वित्तीय पहुँच अभिवृद्धि गर्न ग्रामीण क्षेत्रमा वित्तीय सेवा विस्तार गर्नका लागि प्रोत्साहन गर्न नीतिगत व्यवस्था गरिएको छ । वित्तीय सेवाको माग पक्षलाई सुदृढीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको तथा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सञ्चालन गरिएको छ ।

नेपाल बैंक लि. को सुधारकार्य सम्पन्न गरी व्यवस्थापन हस्तान्तरण कार्य सम्पन्न भएको छ । आधार व्याजदरको गणना 'ख' वर्गका विकास बैंकमा समेत लागु गरी अनुगमन प्रारम्भ गरिएको छ । भुक्तानी तथा फछ्र्यौट कार्यलाई सुरक्षित गर्नका लागि भुक्तानी तथा फछ्र्यौट विनियमावली तर्जुमा गरिएको छ ।

४. **अन्तर्राष्ट्रिय सम्मेलन** : SEACEN Exco Meeting सम्पन्न गरिएको छ । यसैगरी, सार्क फाइनान्स कोअडिनेटर्स बैंठकका र सार्क फाइनान्स समूह बैंठक समेत सम्पन्न गरिएको छ । दोस्रो अन्तराष्ट्रिय अर्थशास्त्र तथा वित्त सम्मेलन - २०७१ सम्पन्न गरिएको छ ।

५. **अनुसन्धान** : पाँचौं पारिवारिक बजेट सर्भेक्षणको कार्य सम्पन्न गरिएको छ । यार्चागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव, विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति, मर्जर पश्चात् बनेका बैंक तथा वित्तीय संस्थाहरुको अवस्था र मर्जरको प्रभावकारिता तथा नेपाल र चीनबीचको व्यापार सम्बन्धी अनुसन्धान गरिएको छ ।

६. **आन्तरिक व्यवस्थापन** : भूकम्पबाट बैंकको थापाथलीस्थित बैकिङ कार्यालय समेत क्षतिग्रस्त भएकाले बालुवाटारस्थित भवनबाट बैकिङ कारोबार हुने व्यवस्था अविलम्ब मिलाई बैकिङ कारोबार नियमित गराइएको छ । Human Resource Management System (HRMIS) Software खरिद गरी लागु गरिएको छ ।

यस बैकबाट विभिन्न आर्थिक वर्षमा भएका काम कारवाहीको विस्तृत विवरण निम्न अनुसारको लिंकमा गई हेर्न सकिने व्यवस्था गरिएको छ ।

http://www.nrb.org.np/red/annualrpt.php?tp=annual_reports&&vw=15
http://www.nrb.org.np/ofg/events_ofg/Governor's_Speeches--Speech_by_Governor_Dr._Chiranjibi_Nepal_on_the_Occassion_of_the_Bank's_60th_Anniversary.pdf
http://www.nrb.org.np/ofg/current_macroeconomic/Nepali%20Annual.pdf
http://www.nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_%28in_Nepali%29--2072-73_%28Full_Text%29-new.pdf

## ११. प्रमुख तथा सूचना अधिकारीको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

प्रमुख : गभर्नर डा. चिरंजीबि नेपाल
फोन नं.: ४४१०३८६
सूचना अधिकारी तथा प्रवक्ता :
कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी
फोन नं.: ४४१९८०४ एक्सटेन्सन ३२०

## १२. ऐन नियम र निर्देशिकाको सूची

**ऐनहरु**

१. नेपाल राष्ट्र बैंक, २०५८ (संशोधन सहित) ।
२. विदेशी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) ।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८ ।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ (संशोधन सहित) ।
५. राष्ट्र ऋण ऐन, २०५९ ।
६. कम्पनी ऐन, २०६३ ।
७. दामासाही ऐन, २०६३ ।
८. सुरक्षित कारोबार ऐन, २०६३ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ।
१०. सार्वजनिक खरिद ऐन, २०६३ ।

११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (पहिलो सशोधन) ऐन, २०६८ ।
१२. बैकिङ कसुर तथा सजाय ऐन, २०६४ ।
१३. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ।

**विनियमावली तथा निर्देशिका**

१. खुला बजार कारोबार विनियमावली, २०७१ ।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ ।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ ।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१ ।
५. वित्तीय मध्यस्थता सम्बन्धी विनियमावली, २०५६ ।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ ।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८ ।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१ ।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५ ।
१०. ऋणपत्रको प्राथमिक तथा दोश्रो बजार व्यवस्थापन नियमावली,२०६१ ।
११. राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०६० ।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित) ।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ ।
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ (पहिलो संशोधन २०६८ सहित) ।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९ ।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोश्रो संशोधन २०६७ सहित) ।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ ।
१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ ।
१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९ ।
२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ ।
२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० ।
२२. नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३ ।
२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ ।
२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ।
२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधन सहित) ।
२६. Nepal Rastra Bank IT Policy, 2068
२७. मर्जर विनियमावली, २०६८ ।
२८. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति ।
२९. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।
३०. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७०
३१. बिदेशी विनिमयमा ऋण लिने । दिने सम्बन्धी व्यबस्था ।
३२. बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७० ।
३३. लघुवित्त नीति, २०६४ ।
३४. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।
३५. BOP Manual, 2061

## १३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

| विवरण | २०७१/०७२ (प्रोभिजनल) रु.मा | २०७०/०७१ (वास्तविक) रु.मा |
|---|---|---|
| **सञ्चालन आम्दानीः** | | |
| **विदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानी** | | |
| व्याज आम्दानी | १७,१७५,६१५,३४४।०० | १४,८३६,९५६,१०४।०० |
| कमिसन आम्दानी | १६,८२७,२४८।०० | २,०८९,०१८।०० |
| **खुद रकम** | **१७,१९२,४४२,५९२।००** | **१४,८३९,०४५,१२२।००** |
| **विदेशी मुद्रा वित्तीय सम्पत्तिमा खर्च** | | |
| व्याज खर्च | ५,८९५,७९१।०० | ९,५६८,७८४।०० |
| एजेन्सी तथा सेवा शुल्क | २७,०७५,३९५।३९ | २१,५२२,८८६।०० |
| **खुद रकम** | **३२,९७१,१८६।३९** | **३१,०९१,६७०।००** |
| **विदेशी मुद्रा वित्तीय सम्पत्तिबाट खुद आम्दानी** | **१७,२२५,४१३,७७८।३९** | **१४,८०७,९५३,४५२।००** |
| **स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानी** | | |
| व्याज आम्दानी | ९१२,८४५,१५६।०० | १,४८२,१८४,६५६।०० |
| कमिसन आम्दानी | ५४,३८२,२२८।०० | ५९,३८६,४९१।०० |
| **खुद रकम** | **९६७,२२७,३८४।००** | **१,५४१,५७१,१४७।००** |
| **स्वदेशी मुद्रा वित्तीय सम्पत्तिमा खर्च** | | |
| व्याज खर्च | १४३,५७६,२७०।०० | ३४,८८५,५४८।०० |
| एजेन्सी तथा सेवा शुल्क | १६५,१९५,५२५।०० | १४८,५२४,१०७।०० |
| **खुद रकम** | **३०८,७७१,७९५।००** | **१८३,४०९,६५५।००** |
| **स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट खुद आम्दानी** | **६५८,४५५,५८९।००** | **१,३५८,१६१,४९२।००** |
| अन्य सञ्चालन आम्दानी | ३६८,८७८,८७८।०० | १८७,६५६,२००।०० |
| **कुल सञ्चालन आम्दानी** | **१८,२५२,७४८,२४५।३९** | **१६,३५३,७७१,१४४।००** |
| जेनेरल, प्रशासनिक खर्च तथा प्रोभिजन | ३,६६८,८५६,७५६।०० | ७,३३९,१०७,६०६।०० |
| **सटही तथा पुनर्मूल्याङ्कन नाफा/नोक्सान पूर्वको नाफा** | **१४,५८३,८९१,४८९।३९** | **९,०१४,६६३,५३८।००** |
| खुद सटही नाफा | २,२९०,३११,६६५।४५ | ४,२३७,८३७,०३०।०० |
| खुद सुन तथा चांदी पुनर्मूल्याङ्कन नाफा/(नोक्सान) | (१,२२४,३६३,०५७।००) | ५१५,९२७,००५।०० |
| सेक्युरिटिज पुनर्मूल्याङ्कन नाफा/(नोक्सान) | | २८९,३७८।०० |
| **खुद नाफा** | **१५,६४९,८४०,०९७।८४** | **१३,७६८,७१६,९५१।००** |
| **अन्य कम्प्रिहेन्सिभ आम्दानीः** | | |
| इक्विटी लगानीको फेयर भ्यालुमा भएको परिवर्तन | - | १,०२६,९५६,२५०।०० |
| एक्च्युरी आम्दानी | - | **(२७८,५८४,२०३।००)** |
| **कुल अन्य कम्प्रिहेन्सिभ आम्दानी** | | **७४८,३७२,०४७।००** |
| **कुल कम्प्रिहेन्सिभ आम्दानी** | **१५,६४९,८४०,०९७।८४** | **१४,५१७,०८८,९९८।००** |

**१४. अन्य विवरण**

(क) नेपाल राष्ट्र बैंकको वेभसाइट : www.nrb.org.np

(ख) अन्य प्रकाशित पुस्तक/पुस्तिका एवं सूचना सामग्रीहरु
नेपाल राष्ट्र बैंक समाचार – मासिक
मिर्मिरे– द्वैमासिक
देशको वर्तमान आर्थिक स्थिति – मासिक
मौद्रिक नीति – वार्षिक
मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्ध वार्षिक
वार्षिक प्रतिवेदन– वार्षिक
NRB Economic Review– अर्धवार्षिक
Macroeconomic Indicators– त्रैमासिक
वासलात– मासिक
Nepal Rastra Bank: Then, Now and Ahead; April 2014
विद्यार्थीसंग नेपाल राष्ट्र बैंक, २०७० पुस

(ग) केन्द्रीय कार्यालयका टेलिफोन नम्बरहरु
केन्द्रीय कार्यालय, बालुवाटरका एक्सचेन्जका नम्बरहरु
४४४९८०४/८०५/८०७/ ४४१०२०१, ४४१०१५८, ४४११२५०,
फ्याक्स नं. ०१४४१०१५९
बैंकिङ कार्यालय काठमाडौ, थापाथलीका एक्सचेन्जका नम्बरहरु
४१०१७२१, ४१०१७२२, ४१०१७२३, ४१०१७२४, ४१०१७०१, ४१०१७०२, ४१०१७०३, ४१०१७१२,४१०१७१५, ४१०१७२८, फ्याक्स नं. ०१४२२७३७८

(घ) उपत्यका बाहिरका कार्यालयका टेलिफोन नम्बरहरु

| सि.नं. | कार्यालयको नाम | स्थान | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | ने.रा.बैंक, विराटनगर कार्यालय | विराटनगर | ०२१-५२६५२२ | ०२१-५२६५१९ |
| २. | ने.रा.बैंक, जनकपुर कार्यालय | जनकपुर | ०४१-५२०३६२ | ०४१-५२०३०२ |
| ३. | ने.रा.बैंक, वीरगंज कार्यालय | वीरगंज | ०५१-५२२५९८ | ०५१-५२१९०२ |
| ४. | ने.रा.बैंक, पोखरा कार्यालय | पोखरा | ०६१-५२०११५ | ०६१-५२१५६१ |
| ५. | ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय | सिद्धार्थनगर | ०७१-५२०३४४ | ०७१-५२०१८९ |
| ६. | ने.रा.बैंक, नेपालगञ्ज कार्यालय | नेपालगञ्ज | ०८१-५२०६८३ | ०८१-५२०२२६ |
| ७. | ने.रा.बैंक, धनगढी कार्यालय | धनगढी | ०९१-५२३१७२ | ०९१-५२१३२२ |